# महालेखा परीक्षकको कार्यालय
**Office of the Auditor General**
डोर मुकाम, रोल्पा
अछावे

Phone: 4262381
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं), नेपाल
Babar Mahal, Kathmandu NEPAL


प.सं. : २०७६।७७
च.नं. २९

मितिः २०७६।०६।०६

श्री प्रमुखज्यू,
गंगादेव गाउंपालिकाको कार्यालय,
रोल्पा ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७५।७६ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७६।०६।५ मा छलफल पश्चात् तयार गरिएको पाना १६ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।
कार्यालयबाट पेस भएको आर्थिक विवरण प्रतिको उत्तरदादयित्व जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन अनुसार ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखा उत्तरदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(दिनेश मिश्र)
निर्देशक

बोधार्थ तथा कार्यार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं । :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
लिवाङ्ग, रोल्पा । :- प्रतिवेदन संलग्न छ ।

## स्थानीय निकायको नामः गंगादेव गाउंपालिका

| | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख | प्रमुख प्र.अ.श्री रेवत वहादुर वुढाथोकी | २०७५ श्रावण | २०७५ आश्विन | |
| " " | प्रमुख प्र.अ.श्री सिजन कुमारी वलि | २०७५ कार्तिक | २०७६ आषाढ | |
| लेखा प्रमुख | ले.पा.श्री अग्नी प्रसाद लामिछाने | २०७५ श्रावण | २०७६ आषाढ | |

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न गंगादेव गाउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउंपालीका अर्न्तगत ७ वडा रहेको ३९ सभा सदस्य १२४.३८ व.की.मी.क्षेत्रफल २३८७१ जनसंख्या ५ नं. प्रदेशमा अवस्थित छ ।

**१. स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गंगादेव गाउंपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ६,०६,६१,७८८।८९ | १ | चालु खर्च | १८,४४,१२,८५८। |
| | क) नगद | - | | २ | पूँजीगत खर्च | १०,९१,९६,८५८। |
| | ख) बैंक : ६,०६,६१,७८८।८९ | - | | ३ | वित्तीय व्यवस्था भुक्तानी | - |
| २ | राजस्व (आन्तरिक आय) | | | | क) ऋण भुक्तानी | - |
| | क) आन्तरिक राजस्व : ६१२४५४८। | | ६१,२४,५४८। | | ख) ब्याज भुक्तानी | - |
| | ख) राजस्व बाँडफाँड | - | | | ग) अन्य भुक्तानी | १,२८,७१,११९। |
| | ग) अन्य आय | - | | ४ | लगानी | |
| ३ | वित्तीय हस्तान्तरण | | २५,३२,५६,५७२।७१ | | ऋण लगानी | - |
| | क)वित्तीय समानीकरण अनुदान | ७,३८,००,०००। | | | शेयर लगानी | - |
| | ख) सशर्त अनुदान | ११,८९,३३,०००। | | | अन्य लगानी | - |
| | ग) वैदेशिक स्रोत | १,१०,२९,०००। | | ५ | धरौटी फिर्ता | १,५०,०००। |
| | घ) राजश्व बाडफांड | ४,९४,९४,५७२।७१ | | ६ | कोष खर्च | - |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १,९४,७९,५६३।२९ | ७ | मौज्दात | - |
| | क)वित्तीय समानीकरण अनुदान | ४०८४०००। | | | क) नगद मौज्दात | - |
| | ख) सशर्त अनुदान | १०,१२,५०००। | | | ख) बैंक मौज्दात | ३३०४१६३७८९ |
| | ग) समपूरक अनुदान | - | | | ग) धरौटी बांकी | ४,५२,०७६। |
| | घ) राजश्व बाडफांड | ५२७०५६३।२९ | | | | - |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | - | | | | - |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | - | | | | - |
| | क) ऋण प्राप्ति | - | | | | - |
| | ख) साँवा प्राप्ति | - | | | | - |
| | ग) ब्याज प्राप्ति | - | | | | - |
| | घ) अन्य प्राप्ति | - | | | | - |
| ७ | विभिन्न कोषतर्फको आय | - | | | | - |
| ८ | जनसहभागिता (नगद) | - | | | | - |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | - | | | | - |
| १० | धरौटी आय | ६,०२,०७६। | ६,०२,०७६। | | | - |
| ११ | लगानीको साँवा फिर्ता | - | | | | - |
| १२ | अन्य विविध आय | - | | | | - |
| | जम्मा | | ३४,०१,२४,५४८।८९ | | जम्मा | ३४,०१,२४,५४८।८९ |

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

| दफा नं | भौ नं मिति र व्यहोरा | वेरुजु रकम रु | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | महालेखा परीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७६, मन्त्रालयगत लेखापरीक्षण योजना एवं स्वीकृत एकाईगत लेखापरीक्षण योजना बमोजिम लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवार संग सम्वन्धीत निकायबाट प्राप्त जानकारी अनुसार तयार गरी स्वीकृत भएको समष्टिगत लेखापरीक्षण योजना, इकाईगत लेखापरीक्षण योजना, जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा वित्तीय विषयको लेखापरीक्षण नीति, मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायीक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमाको आधारमा तथा राजश्वको असुलि र दाखिलाको जोड जम्मा आन्तरिक लेखापरीक्षणको आधार तथा उपलब्ध भए सम्मका श्रेस्ता परीक्षणवाट तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर कार्यालयका सम्वन्धीत पदाधिकारी वीच मिति २०७६।०६।०५ मा वहिर्गमन वैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । | | |
| | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । अध्यक्षले प्रमुख प्रशासकिय अधिकृत र प्रमुख प्रशासकिय अधिकृतले वडा सचिवलाई नियमानुसार अख्तियारी दिएको देखिएन । | | |
| १ | **आन्तरीक नियन्त्रण प्रर्णालीः** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । प्रयोगमा ल्याइएका खाताहरु प्रमाणीत नभएको, जिम्मेवारी नतोकिएको र आन्तरीक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा लेखिएको देखिएन । मासीक खर्च चौमासीक खर्च सोही अनुसार फांटवारी तयार गर्नु पर्नेमा एकै पटक आषाढ महिनामा मात्र जोड जम्मा तथा फांटवारी तयार गर्ने गरेको कारण खर्च अनुपात यकिन नभएको र चालु खर्च तर्फको फांटवारी तयार नभएवाट चालु खर्चमा खर्च रकम यकिन गर्न सकिने अवस्था देखिएन । साथै माग गरीएका विभिन्न अनुसूची फारामहरु पेश नभएकोले अनुसूची सम्वन्धमा विश्लेषण गर्न सकिने अवस्था देखिएन । | | |
| २ | **श्रोतअनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउंपालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरणमा , वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार भए गरेको पाइएन । | | |
| | | | |

| | | | |
|---|---|---|---|
| ३ | **वजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाउंपालिकावाट संचालन हुने कतिपय कार्यक्रम विषयगत शाखावाट समेत संचालन हुने भएकोले सवै प्रकारका कार्यक्रममा दोहोरोपना हुने अवस्था देखिन्छ । कार्यक्रम छनौट गर्दा विषयगत शाखावाट हुने कार्यक्रममा गाउंपालिकावाट वजेट तथा कार्यक्रम दोहोरो र एकै प्रकृतिको नहुनेगरी कार्यक्रम छनोट तथा संचालन हुनु पर्दछ । उदाहरणको लागि सार्वजनिक निर्माण उप शिर्षकबाट स्वास्थ्यको फील्ड अफीस व्यवस्थापन कार्यको लागि रु.३०००००। वजेट व्यवस्था भै भूक्तानी खर्च लेखेको देखिन्छ । भवन निर्माणको लागि नेपाल सरकारबाट टेण्डर भएको अवस्थामा गाउंपालिकाबाट त्यसरी कार्यक्रममा समावेस गरी दोहोरो खर्च भूक्तानी गर्ने कार्यमा नियन्त्रण गरी सम्वन्धीत पदाधिकारीलाई जिम्मेवार बनाइनु पर्दछ । | | |
| ४ | **लक्ष्य प्रगतिको स्थिति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती बिवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । | | |
| ५ | **घटी जिम्मेवारी**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक संग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ ।<br><br>वैंक स्टेटमेन्ट अनुसार वैंक वांकी रु.३४४,९९,२९०।८९ देखिन्छ भने फांटवारी र आर्थिक विवरण अनुसार मौज्दात रु.३३०४१६३७८९ देखिन्छ । फरक रकम १४५७६५३। वैंक हिसाव विवरण तयार नगरेको र कन्टिन्जेन्सी दोहोरो खर्च हुन गै वैंक मौज्दात बढी हुन स्वत जाने हुंदा उक्त रकम हिनामिना भएको छैन भन्ने कुरामा विश्वस्त हुन सकिने अवस्था देखिएन । यसरी दोहोरो खर्च जनाएको रकम वैंक नगदी कितावमा हिसाव मिलान गरी अद्यावधिक गर्नु पर्दछ । | | |
| ६ | **स्थनीय तथ्यांक र अभिलेख**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउंपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउंपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको देखिएन स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउंपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।<br><br>गाउंपालीका कार्यालयले देहाय अनुसार प्रतिवेदन तथा विवरण तयार गर्ने गरेको देखिएन । ऐन नियममा भएको व्यवस्थाको परिपालना गर्ने तर्फ सम्वन्धीत निकायको ध्यान जानु पर्ने देखिन्छ ।<br><br>(क) वैंक समायोजन विवरण तयार गर्ने नगरेको ।<br>(ख) आन्तरिक लेखापरीक्षण नगरेको ।<br>(ग) योजना कार्यान्वयन तालीका निर्माण नगरेको ।<br>(घ) समयमा पेश्की फछ्यौंट गर्ने नगरेको । | | |

| | | | |
|---|---|---|---|
| | (ङ) करका लागि उपयुक्त लेखा प्रणाली राखेको छैन ।<br>(च) भौतिक परिक्षण भएको तथा प्रतिवेदन तयार गरेको छैन ।<br>(छ) सांकेतीकरण, लिलाम ,राफसाफ, प्रक्रिया पुरा गरेको छैन ।<br>(ज) धरौटी खाताको आर्थिक विवरण, फांटवारी , अभिलेख आदीको व्यवस्था गरेको छैन ।<br>(झ) वजेट तथा खख्तियारी वडा कार्यालय लाई दिने नगरेको ।<br>(ञ) वार्षिक कार्यक्रम परिषद वाट स्वीकृत भै सकेपछि थप घट गर्ने संशोधन गर्ने कार्य गरेको ।<br>(ट) गाउंपालीकाले वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने गरेको छैन ।<br>(ठ) खातापाता लगत फांटवारी आदी अधिकार प्राप्त अधिकारीवाट प्रमाणीत गर्ने नगरेको । | | |
| ६ | **निर्माण कार्यको लागत अनुमान** : गाउंपालिका क्षेत्र भित्र सडक निर्माण गर्दा उपभोक्ता संग सम्झौता गरी उपभोक्ताले अधिकांस सडक पुन डोजर, लोडर प्रयोग गरि निर्माण गर्ने गरेको देखियो । तर माटोकाटी सडक निर्माण गर्ने कार्यको लागि लागत अनुमान तयार गर्दा माटो काट्ने काममा ८५ प्रतिशत मेसिन र १५ प्रतिशत मानिसको प्रयोग गरी कार्य गर्ने आधारमा लागत अनुमान तयार गरेको देखियो । जसको आधारमा नरम माटो काट्ने कार्यमा रु.६६।७४ प्रति घन मिटर देखि कडा ढुङ्गा काट्ने कार्यमा रु.१४५२।७४ प्रति घन मिटर सम्म दर निर्धारण गरेको देखियो । उपभोक्ताले डोजर मेसिनवाट नै सत्प्रतिशत निर्माण कार्य गरेको अवस्थामा पनि प्रयोग नहुने मानव श्रम जोडी वनाएको लागत अस्वभाविक देखिएको र योजनाको लागत वढाएको देखिन्छ । यस सम्वन्धमा थप छानविन गरी वास्तविक रुपमा प्रयोग हुने लागत अनुमान वनाई खर्चमा मितव्ययिता ल्याउनु पर्दछ । | | |
| ७ | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९४ वमोजि लेखा नराख्ने प्रतिवेदन पेश नगर्ने लाई लेखा नरहेको रकमको ५ प्रतिशत सम्म र प्रतिवेदन पेश नगरेकोमा ७ दिनको तलव वरावरको जरीवाना गर्नु पर्ने व्यवस्था छ । स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्याक्रम वमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । विवरण माग गरिएकोमा चौमासिक खर्च सम्वन्धी विवरण प्राप्त नभएकोले चौमासिक खर्च रकमको सम्वन्धमा विश्लेषण गर्न सकिएन । साथै २४८ वटा कार्यक्रमको चौमासिक प्रगति विवरण वनाई पेश गरेको देखिएन । | | |
| ८ | **२१५।०७५।३।२७ - वढी भूक्तानी** : ओइलामडाडा शिद्धार्थ नि.मा.वि. मोटर वाटो निर्माण बापत उपभोक्ता समितिलाई रु. ९,६०,०००। भुक्तानी दिएको देखियो । उक्त रकम भुक्तानी दिदा १२०.६२ घ.मि. सुख्खा गाह्रोको कार्य वापत प्रति घ.मि. रु.२८८१.७० को दरले रु.३,४७,५९०।६५ भुक्तानी दिएको छ । सुरु इस्टमेटमा उक्त कार्य रहेको थिएन भने उक्त गाह्रो लगाउने कार्य साविक विद्यालयको भएको गाह्रोलाई वाटो फराकिलो वनाउंदा स्तानान्तरण मात्र गर्नुपर्नेमा ढुङ्गा संकलन, ढुवानी समेतको लागत तयार गरी सोही आधारमा भुक्तानी दिएकोले भुक्तानी दिएको रु. ३,४७,५९०। सम्वन्धमा छानविन गरि वढि रकम असूल गनुपर्ने रु. | ३,४७,५९०। | |

| | | | |
|---|---|---|---|
| ९ | **डोजर प्रयोग : ९७०७६।१।२५** – हनमानतरा सिचाई तथा नहर निर्माण उपभोक्ता समितिलाई नहर निमर्माण वापत रु.२,००,०००। भुक्तानी गरेको देखियो । उक्त समितिले सिचाई कुलो निर्माण गर्न गाउंपालिकावाट डोजर भाडामा लिइ काम गरेको छ भने उक्त कार्यको लागत अनुमान वनाउदा मानिसबाट गर्ने कार्यको मात्र लागत अनुमान वनाएको देखियो । यसरी मेसिनवाट काम हुने अवस्थामा पनि सोही आधारमा लागत अनुमान तयार नगरेकोले लागत अनुमान यथार्थ देखिएन । यस सम्वन्धमा कार्यालयले कार्यालयगत अनुमान वनाउन जोड दिनु पर्दछ भने डोजर भाडामा प्रयोगता पनि भाडा रकम नवुझाएको निजबाट असूल गर्नुपर्ने रु. | १६०००। | |
| १० | **निकासा रोक्का** : ससर्त अनुदान अन्तर्गत विद्यालयलाई दिइने अनुदान मध्ये सात वटा विद्यालयलाई प्रथम, दोश्रो र तेश्रो चौमासिक निकासा रु.१९७६,००००। आर्थिक वर्षको अन्त्यमा दिइएको छ । उपरोक्त निकासा रकम पनि गाउंपालिकाको ०७६।३।२७ को निर्णयानुसार विद्यालयको खातामा दिई खाता रोक्का राखी रहेको देखियो । आर्थिक वर्षको चौमासिक रुपमा दिनुपर्ने भुक्तानी वार्षिक रुपमा दिएको र पुन: उक्त भुक्तानी रोक्का गरेकोले सो रोक्का रकम वैकबाट फिर्ता भए राजश्व दाखिला समेत हुनुपर्ने देखिदा उक्त रकम सम्वन्धीत विद्यालयले प्राप्त गरेको वा फिर्ता भई राजश्व दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु. | १९,७६,०००। | |
| ११ | **एकीकृत विवरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ बमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेशगर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा चालु वर्षको आम्दानी रु.२७,८८,६०,६८४। भएकोमा खर्च २९३६,०९,७१६। हुन गै आम्दानी भन्दा रु.१,४७,४९,०३२। बढी खर्च भएको देखिन्छ । जुन गत वर्षको मौज्दात बाट खर्च भएको छ । यसरी आम्दानी अनुसार मात्र खर्च समेटी कारोबार गर्नु पर्दछ । | | |
| १२ | **वित्तीय जवाफदेहिता पालना** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले नियम विपरीत निम्न कार्य गरी वजेट विनियोजन तथा खर्च गरेको नियम विपरित देखिएकाछन् ।<br>(क) आर्थिक वर्ष २०७५।७६ मा व्याक्होलोडरले काम गरेको विवरण अनुसार ११३१७००। कूल आम्दानी गरेकोमा रु.११,०१,०००। प्राप्त भएको र रु.३०,७००। प्राप्त हुन वांकी ददेखिएकोले पाउन वांकी रकममा १० प्रतिशत व्यांज सहित आदेश दिने सम्वन्धीत पदाधिकारी लाई जिम्मेवार वनाई असुल उपर हुनुपर्ने रु.<br>(ख) ससर्त अनुदान व.उ.शि.नं.८०१७८०३ वाट निकासा रु.१६,४४,०६,३५६। भएकोमा खर्च रु.१६,४९,८७,६२२। भएको फांटवारी तथा आर्थिक विवरण वाट देखिन्छ । यसरी निकासा भन्दा बढी खर्च भएको रकम रु.५,८१,२६६। आवश्यक हिसाव मिलान गरी नियमित गर्नुपर्ने रु. | ३०,७००।<br>५,८१,२६६। | |
| १३ | **क्षतीपूर्ति भूक्तानी : १८३।०७६।३।२३** - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिदा वा खर्च गर्दा नियमितता, मितवययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोवार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा | | |

| | | | |
|---|---|---|---|
| | विस्वस्त हुनुपर्ने उल्लेख छ ।<br>गाउंपालिकाले भाडामा लिएको वोलेरो जिप लाई अज्ञात समूहले आगजनी गरेको भनी गाउंपालिका बैंठक तथा गाउंसभाको निर्णय अनुसार मर्मत सम्भारको लागि लाग्ने कूल रकमको ४० प्रतिशत रु.६,००,०००। गाउंपालिका वाट र १०,३१,४६१। बिमा कम्पनीवाट भूक्तानी लिने सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार भाडामा लिदा कुनैपनि प्राकृतिक कारण वा भवितव्य भएमा गाउंपालिकावाट व्यहोर्नुपर्ने उल्लेख छैन । विमा कम्पनीवाट विमा दावी गरीएको र विमा उपलव्ध गराउने भनेर सुनिश्चित हुंदा समेत विकास वजेट वाट खर्च हुने गरी पुन उक्त गाडी धनी लाई क्षतीपूर्ति दिने निर्णय नियम सम्मत मान्न सकिने नदेखिएको रु. | ६,००,०००। | |
| १४ | **खाता वेगर भूक्तानी : २१७।३।२७** - उपभोक्ता समति संग सम्झौता गर्दा समिति गठनको निर्णय, समितिको खाता संचालन र खातानम्वर, समिति दर्ताको प्रमाण आदि पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले १ लाख भन्दा सानो योजनामा सोझै व्यक्तिगत खातामा उपभोक्ता समितिको छाप वेगर रु.१,००,०००। भूक्तानी गर्ने गरेको छ । १ लाख घटीको व्यक्तिगत खातामा भूक्तानी गरकोमा उक्त रकम वास्तविक कार्यमा प्रयोग भयो भएन यस सम्वन्धमा आवश्यक छानविन हुनुपर्दछ । | | |
| १५ | **पाईप खरिद : १९३।२०७६।३।२४** - दहवाङ्ग खानीखोला खानेपानी योजना उपभोक्ता समितिको विल अनुसार २५ एम.एम को पाईप खरीद भएको देखिएन तर नापी मूल्यांकन विल र कार्य सम्पन्न प्रतिवेदन अनुसा ७०० मिटर जडान देखाई रु. ३६४००। भूक्तानी खर्च लेखेको देखिन्छ । खरिद नै नगरिएको पाईप नापी मूल्याकंन देखाई ३६४००। भूक्तानी दिएको सम्वन्धमा सम्वन्धीत प्राविधिक लाई जिम्मेवार वनाई असूल हुनुपर्ने रु. | ३६४००। | |
| १६ | **स्थलगत निरीक्षण : २४४।२०७६।३।३०** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ अनुसार खरिद सम्झौता अनुसार प्राविधिक नाप जांच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भूक्तानी खर्च लेख्नुपर्ने व्यवस्था छ । सुखाओढार देखि रहमाई सम्म मोटरवाटो निर्माण कार्य चेनेज नं. ०+००० देखि ०+५०० सम्म देखाई माटो काट्ने, नरम चट्टान, मिडियम चट्टान र कडा चट्टान काट्ने कार्य गरी रु.६,५२,९६०। भूक्तानी खर्च लेखेकोमा स्थलगत निरीषण गरी नापजांच गर्दा २७० मिटर सम्म मात्र लम्वाई रहेकोले वढी नापजांच भएको कार्यको वढी भूक्तानी रु.३०००६१। असूल गरि अन्य काम सम्वन्धमा आवश्यक छानविन हुनुपर्ने देखिन्छ । रु. | ३०००६१। | |
| १७ | **स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम :**<br>**(क)** कार्यक्रम संचलनार्थ प्राप्त अख्तियारी रु.३६ लाख मध्ये १०,३९,५७९। मात्र अर्थात करिव २९ प्रतिशत वजेट मात्र खर्च भएको छ । विरेन्द्र मा.वि. नाउलेको भवन निर्माणार्थ प्राप्त वजेट खर्च नभई विद्यालयको भौतिक स्थितिमा सुधार नभएको पाइयो । समयमै वजेट प्राप्त गरि योजना सम्पन्न गर्ने गराउने तर्फ पहल हुनु पर्दछ । | | |
| | **(ख) ३६५१६०३** - सिद्ध आधारभूत विद्यालय वसारेचौर को मन्च तथा हल निर्माण उपभोक्ता समिति संग मिति २०७६।१।२२ मा कार्यालयबाट ११ लाख रुपैया उपलव्ध गराउने गरी रु.१२,३१,२१२। स्वीकृत लागत अनुमान रहेको उक्त योजनामा रु.११,५२,३३८। मात्र को निर्माण कार्य सम्पन्न भै उक्त समितिलाई रु.१०,३९,५७९। भूक्तानी भएकोले सम्झौता अनुसार भन्दा घटी कार्य सम्पन्न भएतापनि अनुपातिक कट्टा नगरि वढी भूक्तानी दिएको रकम असूल गरि संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | १००४७ | |

| | | | |
|---|---|---|---|
| १८ | **प्रादेशिक सरकार बाट हस्तान्तरित कार्यक्रम : (पूंजिगत)** कार्यक्रम संचलानार्थ प्राप्त रु.९६ लाख रुपैया मध्ये रु.८२,४३,७२५। अर्थात ८६ प्रतिशत रकम मात्र खर्च भएको छ। जसमध्ये वहुउद्देश्यीय सभाहल निर्माणमा रु.५७,१७,५३३। र खेलमैदान निर्माणमा रु. २५,२६,१९२। खर्च भएको छ। यस सम्वन्धमा निम्न व्यहोरा देखियो।<br>उक्त हल व्यक्तिले भोगचलन गरिरहेको निजी जग्गा समेतमा जग्गा धनीको सहमतीमा ठेक्का बन्दोवस्त गरि सभाहल निर्माण भएकोले हाल सम्म पनि उक्त हल परिसरको पूर्ण स्वामित्व गाउंपालिकाको नाममा आईनसकेको तथा हलमा जाने पहुंचमार्ग समेतको व्यवस्थापन नभएको पाईयो। | | |
| १९ | **ईन्धन खर्च : १३४।२०७५।११।१३ /१६७।०७५।१२।५** - कार्यालयले आफ्नो कार्यालयको डोजर प्रयोग वापत रु.३५३५७४। इन्धन खर्च लेखेको छ। इनधन खर्चका विल वमोजिम कामको लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन, लगवुक , नापी किताव लगायत खर्च प्रमाणीत हुने अभिलेख वेगर वजेट खर्च लेखेको रकम नियमित नदेखिएको रु. | ३५३५७४। | |
| २० | **राजश्व अभिलेख :** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीषण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। स्थानीय तहहरुवाट लेखापरीषणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन। यसवाट स्थानीय तहको बास्तविक राजस्व असुली र दाखिला एकिन हुन सकेन। बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ। | | |
| २१ | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउंपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाईएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ। | | |
| २२ | **आन्तरिक नियन्त्रणमा कमजोर देखिएका पक्षहरु :** उपभोक्ता समिति गठन उपभोक्ता निर्देशिका वमोजिम नहुनु सार्वजनिक सुनुवाई कम हुनु,<br>समयमा कार्यक्रम वजेट व्यवस्था नहुनु आवश्यकताको आधारमा नभई दामासाही गर्ने अडान र प्रकृतिको कारण ठुला कार्य हुन नसकेको। लागत सहभागिता जुटाउन नसक्नु, प्रयास नहुनु, अपनत्व जगाउन नसकेको कारण दोहोरोपना, संसोधन, निर्णय प्रकृयामा पारदर्शिता अभाव देखिनु।<br>-उपभोक्ता समिति नाम मात्रको हुनु, उप सम्झौता गरी अन्य निर्माण व्यवसायीलाइ नै उक्त कार्य गराउनु। | | |

| | | | |
|---|---|---|---|
| | -आर्थिक वर्षको अन्तीम चौमासिक ठेक्का सम्झौता भै कार्य आषाढ महिनामा ५० प्रतिशत भन्दा बढी कारोबार हुनु ।<br>-अधिकांश बाटो निर्माण सम्वन्धी कार्य जेष्ठ , आषाढमा हुंदा उक्त सडकको प्रयोग जनताले १ महिना पनि गर्न नपाउनु वर्षाको कारण अवस्था पुन जस्ताको तस्तै रहनु ।<br>-निरीक्षण अनुगमन नाम मात्रको हुनु  हाल सम्म प्राप्त प्रतिवेदन अनुसारको कार्य नभएको कम भएको, तोकिए अनुसार नभएको, आदी उल्लेख भै नआउनुको साथै निरीक्षण संतोषजनक रहेको मात्र उल्लेख भै आउने गरेको । | | |
| २३ | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र गाउंपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउंपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | | |

२४

**वढी व्ययभार पारेको** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम (१०) ७ बमोजिम लागत अनुमान तयार गर्नु पर्दछ । गाउपालिकाले (गाउपालिका स्तरीय दररेट) कायम गरी सो गाउपालिका भित्र लागू हुने गरी दररेट निर्धारण गरी सकेपछि सोही दररेट अनुसार लगत अनुमान तयार गर्ने र सोही आधारमा खर्च गर्नु पर्नेमा दररेट अनुसार दर राखी लागत वनाई सकेपछि पुनः काम गर्ने स्थान सम्म जान लाग्न समय थप भनी देहाय अनुसार दररेट भन्दा बढी लागत अनुमान वनाई कार्य गराएकोले लागत अनुमान बनाउने प्राविधिक पक्षलाई जिम्मेवार वनाउनु पर्ने अनियमित देखिएको रु.

| भौ.नं., मिति | कामको विवरण | घण्टा | दर | थप व्ययभार |
|---|---|---|---|---|
| ८।०७५॥९।२७ | सुखा ओढार माछेमुल सडक | १९ | ५५००। | १०,७५००। |
| १५५।०७६।२।२९ | पोखरा डाडा मेलारुख मोटर बाटो | ४ | ५५००। | २,२०००। |
| १२५।०७६।२।८ | तिर्खेचुला पोखरा डाडा " | ५ | ५५००। | २७५००। |
| १४१।०७६।२।२८ | वडा कार्यालय हिले सडक " | ४ | २३००। | ९२००। |
| १३०।०७६।२।९ | लामाछोरा जालिमेधुरी " | १० | ५५००। | ५५०००। |
| ९८।०७६।१।२५ | जीवनज्योती मा.वि.,देवलटाकुरा " | ५ | २३००। | ११५००। |
| १०८।०७६।१।२५ | फुलवारी जखेखानी मोटरवाटो | १९ | ५५००। | १०४५००। |
| ११७।०७५।१०।२५ | लाखुरीचौर फुवास मोटरवाटो | १९ | ५५००। | १०४५००। |
| ११४।०७६।१।२५ | धुरेखर्क गैटैनेटा मोटरवाटो | १० | २३००। | २३०००। |
| ११५।०७६।१।२५ | खानीडाडा जानचौर मोटरवाटो | ५ | ५५००। | २७५००। |
| ११०।०७६।१।२५ | खोलो डलसिङ्गे मोटरवाटो | ८ | २३००। | १८४००। |
| ८०।०७६।१।१५ | गोठीखोला ढौनी मोटरवाटो | १० | २३००। | २३०००। |
| ९३।०७६।१।२४ | जालीमे ताप्ना मोटरवाटो | ८ | २३००। | १८४००। |
| ७२।०७५।१२।२८ | डांडाखुरी चौपारी मोटरवाटो | १० | ५५००। | ५५०००। |
| ६७।०७५।१२।२७ | जितेमारा ठुलाखेत मोटरवाटो | १० | ५५००। | ५५०००। |
| ८८।०७६।१।२३ | ओईलामडांडा सिद्धार्थ नि.मा.वि. | १० | २३००। | २३०००। |
| ५१।०७५।१२।१५ | बभाउने मुडा लामाछेरा | १२ | २३००। | २७६००। |
| ६२।०७५।१२।२५ | वेलडांडा धनीपोले मोटरवाटो | ८ | २३००। | १८४००। |

१०९५१००।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ६३।०७५।१२।२५ | सिमखोला जुकेपानी मोटरवाटो | ५ | २३००। | ११५००। | | | |
| | | ४६।०७६।१२।७ | पोखरी वडा नं.५ थाप्ला मोटरवाटो | १० | २३००। | २३०००। | | | |
| | | ४९।०७५।१२।१५ | झाक्री सल्ला वारखोर मोटरवाटो | १० | ५५००। | ५५०००। | | | |
| | | ४३।०७५।१२।१५ | रुन्थाना लाकुरीचौर मोटर वाटो | १० | २३००। | २३०००। | | | |
| | | १६९।०७६।३।१३ | मेलडांडी जर्ग मोटरवाटो | ३ | २३००। | ६९०००। | | | |
| | | १७०।०७६।३।१५ | कुवावारी ओखेनी तर सडक | ७ | ५५००। | ३८५००। | | | |
| | | १७५।०७६।३।२० | दार्दा ठुलीचौर मोटर वाटो | ४ | २३००। | ९२००। | | | |
| | | १९५।०७६।३।२५ | जालीमे हीलेताला मोटर वाटो | १९ | २३००। | ४३७००। | | | |
| | | २००।०७६।३।२५ | स्वास्थ्य भवन ताला फिल्ड निर्माण | ५ | ५५००। | २७५००। | | | |
| | | २०३।०७६।३।२६ | स्वास्थ्य अफीस व्यवस्थापन | ५ | ५५००। | २७५००। | | | |
| | | २०६।०७६।३।२६ | दोवाटा रात्माटा मोटरवाटो | १० | २३००। | २३०००। | | | |
| | | २३०।०७६।३।२८ | वथान हाम्पाल मोटर वाटो निर्माण | ३ | ५५००। | १६५००। | | | |
| | | २३१।०७६।३।२८ | नेप.ल राष्ट्रिय मा.वि. सिमरखोला | ४ | ५५००। | २२०००। | | | |
| | | २२०।०७६।३।२७ | खानीखोला रुकुम जाने सडक | १० | २३००। | २३०००। | | | |
| | | २४४।०७६।३।३० | सुक्खा ओडार रहमाई सम्म सडक यो. | ६ | २३००। | १३८००। | | | |
| | | | **जम्मा** | | | **१०९५१००** | | | |

२५ **पेश्की वांकी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार पेश्की फछ्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार पेश्की फछ्यौट हुनुपर्दछ । कार्यालयले विभिन्न पेशिक कर्मचारीलाई दिइएकोमा समयमा पेशिक फछ्यौंट नगरेको कारण आ.व.०७५।७६ मा देहाय अनुसार पेश्की वांकी देखिएकोले उक्त पेश्की नियमानुसार असूल फछ्यौंट हुनु पर्ने रु.

| विवरण | पद, नाम,थर | मिति | पेश्की रकम |
|---|---|---|---|
| चालु खाता | गा.पा. अध्यक्ष विर वहादुर खत्री | २०७६।३।३१ | १,१३,०००। |
| | प्रा.स.मान वहादुर डागी | २०७६।९।२६ | २८,०००। |
| | सामुदायीक औषधी पसल | २०७६।३।२९ | ५,००,०००। |
| | | | ६,४१०००। |

६४१०००।

२६ **२।२०७५।१।२६** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार पेश्की फछ्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार पेश्की फछ्यौट हुनुपर्दछ । कार्यालयले ना.सु.गणेश पुन मगरलाई पेश्की दिइएकोमा समयमा पेशिक फछ्यौंट नगरेको कारण आ.व.०७५।७६ मा देहाय अनुसार पेश्की वांकी देखिएकोले उक्त पेश्की नियमानुसार असूल फछ्यौंट हुनु पर्ने रु.

| विवरण | पद, नाम,थर | मिति | पेश्की रकम |
|---|---|---|---|
| ल्यापटप खरीद | ना.सु.गणेश पुन मगर | २०७५।१।२६ | ९५०००। |

९५,०००।

२७ **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ नेपाल सरकार संघ संस्था मित्रराष्ट्र तिनका निकायवाट मासिक रुपमा तलव भत्ता पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाइरहेका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता पाउने छैनन् ।

वालवालिकाको आमा वावु मध्ये कुनै एक सरकारी वा औपचारीक सेवामा कार्यरत भएमा कुनै व्यवसाय दर्ता गरी संचालन गरी रहेको भएमा यो भत्ता प्राप्त हुने छैन ।

दोहोरो हुनेगरी भत्ता पाएको जानकारी हुन आएमा मासिक तलव भत्ता वा पेन्सन प्रदान गर्ने कर्यालयमा सो सुविधा तत्काल रो क ागर्न प्रचार गरी सामाजिक सुरक्षा भत्ता समेत रोक्का गर्नुपर्ने छ ।

मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा महिलाले विवाह गरेमा , ५ वर्ष उमेर पुगेमा नविकरण, नभएमा लगत कट्टा गर्नुपर्ने व्यवस्था छ। यसरी वर्षभरीमा भए गरेका कार्यको लगत कट्टा गरी व्यवस्थित गरिएको देखिएन।

मन्त्रालय, विभाग र जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रकृयाको निरीषण अनुगमन गर्नुपर्नेमा सो अनुसार अनुगमन, निरीषण गरेको देखिएन।

२८ **अनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली , २०६४को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता समिति संग भए गरेको सम्झौता अनुसार आयोजनाको कूल लगत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक अनुदान रकम समेत कट्टा गरी भूक्तानी दिने उल्लेख छ। कार्यपालिका तथा गाउंसभा वाट १० प्रतिशत मात्र उपभोक्ता अंश कट्टा हुने भनी निर्णय गराई ऐन नियममा भएको व्यवस्था विपरित १० प्रतिशत कायम गरेको सम्वन्धमा सम्वन्धीत पदाधिकारीलाई जिम्मेवार वनाई उपभोक्ता समिति मार्फत गराएको देहायका विभिन्न निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको असुल गरी संचित कोष दाखिला हुनुपर्ने रु. ७०७१०६।

| भौ.नं., मिति | उपभोक्ता समिति | कार्यालयले व्यहोर्ने प्रतिशत | भूक्तानी हुनुपर्ने | भूक्तानी भएको | वढी भूक्तानी |
|---|---|---|---|---|---|
| ८०।०७६।१।१५ | गोठीखोला आटी घर सडक | ९० | ८,४१,८६०। | ८,७७,८६०। | ३६,०००। |
| ७२।०७५।१२।२८ | डाडाखुरी चौजरी मोटरवाटो | ८५.७२ | ६,९१,५९९। | ७२२,८८०। | ३१,२८०। |
| ४९।०७५।१२।१५ | झाक्री सल्ला वाखखोर „ | ८८.४३ | ७९५८७०। | ८३७१०१। | ४१,२३१। |
| १६२।०७६।३।२ | वृद्धिविकास मा.वि.खानेपानी | ८१.७९ | ३८२२८५। | ४००,०००। | १७,४१४। |
| १६७।०७६।३।१२ | सिमरखोला लिफ्ट खानेपानी | ७३.८३ | ८२३५९९। | १०,००,०००। | १७६४००। |
| १७०।०७६।३।१५ | पुवावारी आखेनीवटा सडक | ८८.३३ | १४७३७१४। | १५००,०००। | २६२८५। |
| १७१।०७६।३।१६ | वालवोध मा.वि. भवन निर्माण | ७१.४४ | ४०१७३७ | ५००,०००। | ९८२६२। |
| १७५।०७६।३।२० | दार्दा लोवचौर मोटरवाटो | ८४.४८ | २८४२५८। | ३००,०००। | १५,७४१। |
| १७७।०७६।३।२१ | जिवनज्योती मा.वि घेरावार | ८५.९९ | ३८३९८८। | ४००,०००। | १६०११। |
| १९५।०७६।३।२५ | जालिमी ताला मोटर वाटो | ८९.८५ | २४५९५४१। | २५००,०००। | ४०,४५८। |
| १९८।०७६।३।२५ | ठारापानी सुर्यगैरा लिफ्ट | ८७.८६ | ६८८३८५। | ७००,०००। | ११६१४। |

| | | | | | |
|---|---|---|---|---|---|
| | खानेपानी | | | | |
| २०२।०७६।३।२६ | सिस्नेगैरी हिले लिफ्ट खानेपानी | ८७.४१ | ४७२६७४। | ४९०५६०। | १७८८६। |
| २२५।०७६।३।२७ | जयाचौर खोपकेन्द्र भवन निर्माण | ८०.०० | ४४७२८४। | ५००,०००। | ५२७१५। |
| २२९।०७६।३।२८ | धर्मेटी खोला सोलार पम्पीङ्ग | ७९.७४ | ४५०१३७। | ५००,०००। | ४९,८६२। |
| २३०।०७६।३।२८ | वथान हामपाल मोटर बाटो | ८८.४७ | २२९०५३। | २३५६९०। | ६६३६। |
| २३१।०७६।३।२८ | नेपाल राष्ट्रिय मा.वि. सिमरखोला | ७७.६० | २८२१५३। | ३,००,०००। | १७८४६। |
| २०९।०७६।३।२६ | झिमलोट लोजबोट खा.पा. | ८३.४० | १८८२७६। | २००,०००। | ११,७२३। |
| २१६।०७६।३।२७ | वडाढुङ्गा वलिगाउ कल्भर्ड निर्माण | ८०.६२ | ३८७३८८। | ४००,०००। | १२६११। |
| २२२।०७६।३।२७ | वैसरेखोला वुढाडेरा खानेपानी योजना | ७७.३७ | ८६६०८४। | १०,००,०००। | १३३,९१५। |
| २४४।०७६।३।३० | सुखाओढार रमाटे मोटर बाटो | ८८.०५ | ६३८८५३। | ६५२९६०। | १४,१०६। |
| | **जम्मा** | | | | **७०१०६।** |

२९ **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा बजेट सीमा निधांरण समितिले गाउंपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गनं सक्ने व्यवस्था छ । आन्तरिक आयका विभिन्न ७ वटा शिर्षकवाट यो वर्ष रु. ६१,२४,५४८। प्राप्त भएको छ । तापनि प्रत्येक वडा एवं गाउंपालिकाको कार्यालयबाट प्रत्येक दिन महिनामा के कति आम्दानी भयो सो मध्ये के कति कार्यालयको संचित कोषमा दाखिला भयो । केकति दाखिला गर्न वांकी छ । साथै के कति रकम को कसबाट उठ्न वांकी छ । सो को अभिलेख, श्रेस्ता अद्यावधिक गरेको छैन । जसले गर्दा उक्त आम्दानी नै यथार्थ हो भन्न सक्ने अवस्था रहेन । अतः उपरोक्तानुसार आम्दानीको विवरण यथार्थ रुपमा अद्यावधिक गर्नु पर्दछ ।

| | | | |
|---|---|---|---|
| ३० | **स्थानिय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउंसभा तथा नगर सभाका सदस्यले पाउने सुविाका सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं.५ प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार परिवर्तन गाउंपालिका को कार्यालयले देहाय वमोजिम रु. ...........सुविधावापत भुक्तानी भएको छ । | | |

| विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १६ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३,६०,०००। | २,२४०००। | १४,४०,०००। | ८,६४,०००। | १३,४४,०००। | ४२,३२,०००। |
| संचार सुविधा -मासिक दर) / एकमुष्ठ | - | ५०००। | ६०००। | - | - | ११,०००। |
| वैंठक भत्ता (संख्याको आारमा) | १५,४००। | १५,४००। | ९२,४००। | ९२,४००। | ६७,२००। | २,८२,८००। |
| खाजा भत्ता मासीक | - | - | - | - | - | - |
| पुस्तक पत्र पत्रिका -मासिक) | - | - | - | - | - | - |
| अनुगमन भत्ता -मासीक) /वार्षिक | २६,६००। | ३३,६००। | - | - | - | ६०,२००। |
| जम्मा | ४०,२०००। | २,७८०००। | १५,३८,४००। | ९,५६,४००। | १४,११,२००। | ४५,८६,२००। |

| | | | |
|---|---|---|---|
| ३१ | **आईटम वाईज भेरिएसन स्वीकृत वेगर उपभोक्ता समिति लाई भेरिएसन रकम भूक्तानी :** भेरिएसन अर्डर स्वीकृत गरी खर्च गर्दा अनिवार्य रुपमा प्राविधिक पुष्ट्याई सहित रिवाईज कष्ट इस्टिमेट स्वीकृत गराएर मात्र भूक्तानी गर्ने, Original cast Estimate तथा BOQ को Ouantites भन्दा बढी Quantity को भूक्तानी गर्नु अगाडी अनिवार्य रुपमा भेरिएशन अर्डर तथा Revised cast Estimate स्वीकृत गराएर मात्र भूक्तानी गर्ने उल्लेख छ । कार्यालयले भेरियसन आदेश स्वीकृत नगराई देहाय अनुसार आईटम वाईज भेरियसन बढी भूक्तानी भएकोमा भेरियसन स्वीकृतको प्रमाण पेश नभएकोले उक्त खर्चलाई नियमित खर्च मान्न नसकिने रु. | २६१९६०१। | |

| भौ.नं., मिति | कामको विवरण | भूक्तानी | नयां कार्य थप | भेरिएसन नभएको |
|---|---|---|---|---|
| ८८।०७६।१।२३ | ओइलाम डाडा सिद्धार्थ नि.मा.वि. | ६६५८५६। | ३२४,७६७ | ३२,४७६७ |
| १६२।०७६।३।२ | बुद्धिविकास मा.वि.खानेपानी | ४००,०००। | - | १,५३,१३६ |

| | | | | |
|---|---|---|---|---|
| | निर्माण | | | |
| १६३।०७६।३।२ | हेलुङ्गाखोला खानेपानी निर्माण | १५००००। | - | ९१,९१०। |
| १७६।०७६।३।१२ | सिमरखोला लिफ्ट खानेपानी | १०,००,०००। | - | १६३३०२। |
| १६९।०७६।३।१३ | मेलडाडी जग्रमोटर वाटो | ३००,०००। | - | १९४५८७। |
| १७१।०७६।३।१६ | वालवोध मा.वि. विद्यालय भवन | ५००,०००। | गारो लगाउने कार्य | ३६७४७। |
| १७३।०७६।३।२० | वागेश्वरी प्रा.वि.भवन निर्माण | ५००,०००। | ,, ,, | १९७०६४। |
| १७९।०७६।३।२१ | ठुली मछाइने खा.पा.मर्मत | ३,५०,०००। | गारो लगाउने कार्य | १८३२३६। |
| १९४।०७६।३।२४ | म्वालेखोला ताला सडक | ३,४०,०९०। | कडा चट्टान | ३३३,५०५। |
| १९५।०७६।३।२५ | जालिमी ताला मोटरवाटो | २५,००,०००। | नरम चट्टान | ५७४४२०। |
| १८६।०७६।३।२३ | छरेली आमा भवन निर्माण | २००,०००। | पि.सि.सि.कार्य | ३५३९५। |
| १९३।०७६।३।२४ | दहवाङ्ग खानीखोला खानेपानी | १०,००,०००। | माटोको काम | १,१५,३२३। |
| २०३।०७६।३।२६ | स्वास्थ्य अफिस व्यवस्थापन | ३००,०००। | मध्यम चट्टान काट्ने | १,७५,५५२। |
| २०६।०७६।३।२६ | दोवाटा रातामाटा मोटर वाटो | ३,००,०००। | नरम चट्टान काट्ने | १,५८,१४५। |
| २२०।०७६।३।२७ | खानीखोला रुकुम जाने सडक | १५००,०००। | नरम चट्टान काट्ने | ४९२५०२। |
| जम्मा | | | | **२६१९६०१** |

३२ **भ्याट विल वेगर मु.अ.कर भूक्तानी** : लागत अनुमान तयार गर्दा डोजर भाडामा मु.अ.कर समावेश गरी लागत अनुमान तयार गरेको र सोही अनुसार भूक्तानी खर्च भएको अवस्थामा भ्याटविल जारी वेगर सोही दररेटमा भूक्तानी भएवाट कर विजक वेगरको मूल्य अभिवृद्धि कर भूक्तानी रकम सम्वन्धीत पदाधिकारी लाई जिम्मेवार वनाई असूल हुनुपर्ने रु. ३६४,५३२।

| भौ.नं., मिति | कामको विवरण | भ्याट विल नभएको रकम | वढी मु.अ.कर भूक्तानी |
|---|---|---|---|
| १५५।०७६।२।२९ | पोखरा डाडा मेलारुख भने वाटो | १,४८,८६५। | १९३५२। |
| १२१।०७६।२।६ | क्षेत्रवाफ पोखरा डाडा सडक | ८८,०००। | ११,४४०। |
| १२५।०७६।२।८ | तिर्खेचुला पोखरा डाडा सडक | २२२२२२। | २८८८८। |
| १४१।०७६।२।२८ | वडा कार्यालय हिले सडक | १३३०००। | १७२९०। |
| १३०।०७६।२।९ | लामाछोटा जालिमेघुटी सडक | २२२०००। | २८८६०। |
| ११७।०७५।१०।२५ | लाखुरीचौर फुवास सडक | ३९८३६९। | ५१७८७। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ११७।०७५।१०।२५ | लाखुरीचौर फुवास सडक | ३९८३६९। | ५१७८७। | | | |
| | ६१।०७५।१।२।२५ | घोप्टे वडार फिल्ड निर्माण | ३२३७१०। | ४२०८२। | | | |
| | ४३।०७५।१।२।५ | ठनथाना लाकुरीचौर | ८५०४४। | ११०५५। | | | |
| | ३०।०७५।१।२।४ | भाजरखोला विद्यालय सम्म | १५८७१२। | २०६३२। | | | |
| | १७०।०७६।३।१५ | पुवावारी ओखेनी तरा भुलखोला मोटर वाटो | २१६९०१। | २८१९७। | | | |
| | १९५।०७६।३।२४ | जगलिमी हिलेताला मो.वाटो | १०१०००। | १३१३०। | | | |
| | २१५।०७६।३।२७ | आईलामडांडा सिद्धार्थ नि.मा.वि. मोटर वाटो | १५८०००। | २०५४०। | | | |
| | २२०।०७६।३।२७ | खानीखोला रुकुम जाने सडक | १९७१२७। | २५६२६। | | | |
| | २४८।०७६।३।३० | चौतारा फारुला मोटरवाटो | २६२४८०। | ३४१२२। | | | |
| | २५६।०७६।३।३१ | सुखावडार माछेमुल सडक आ. | ८८७०४ | ११५३१। | | | |
| | | **जम्मा** | | **३६४,५३२।** | | | |
| | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउं पालिकामा रहने कर्मचारी दरवन्दी ३४ रहेपनि पदपूर्ति १३ रहेको देखियो । सो मध्ये २१ पद रिक्त रहेको छ । जसले गर्दा दैनिक सेवा प्रवाहमा असर पुग्ने देखिन्छ । | | | | | | |
| | **संपरीक्षण : शिवनाथ शर्माको आर्थिक वर्ष २०७३।७४ को वेरुजु दफा ३४.१५ को पेश्कि रु.२५९८५०। प्रमाण कागजातको आधारमा संपरीक्षण गरिएको छ ।** | | | | | | |

**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्यौंट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्यौंट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| **५७५३९०५।** | **२५९८५०।** | **५४,९४०५५।** |

फछ्यौंट सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।

**८. अद्यावधिक बेरुजु स्थिति :** गंगादेव गाउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्यौंट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (c) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. ( E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| ५४९४०५५। | - | ८८२०५९९। | १,४३,१४,६५४। |